# ८ यरुशलेमको परिषद्

*__यस अध्यायका मूल पदहरू:__* प्रेरित १५, गलाती २:११-१३, प्रस्थान १२:४३-४९, रोमी ३:३०, लेबी १८:३० र प्रकाश २:१४,२०।

*__यस अध्यायको मूल सार पद:__* **"तर हामी विश्वास गर्दछौं, कि प्रभु येशूको अनुग्रहबाट हामीले उद्धार वा मुक्ति पाएका छौं, जसरी तिनीहरूले (हाम्रा पूर्खाहरू) पनि पाएका छन्।" (प्रेरित १५:११ रूपान्तरित)।**

दुई वर्ष पछि पावल र बारानाबास सिरियाको एन्टिओखियामा फर्केर आए। त्यस भेगका सम्पूर्ण चर्चका विश्वासीहरू मिलेर पावल र बारानाबासलाई सुसमाचार प्रचार गर्ने काममा पठाएका थिए। त्यसकारण आफ्नो कामको प्रतिवेदन तिनीहरूले चर्चलाई दिनु **उपयुक्त थियो।** तर जुन विवरण तिनीहरूले प्रस्तुत गरे त्यसमा तिनीहरूले के उपलब्धी हासिल गरे भन्ने नभएर परमेश्वरले तिनीहरूद्वारा के गर्नुभयो सो महत्त्वपूर्ण विषय त्याहाँ समावेश भएको थियो।

कसरी अयहूदीहरूको माझमा तिनीहरूको सुसमाचार सुनाउने लक्ष्यले सफलता पायो भनेर प्रतिवेदन दिने पावल र बारानाबासको उद्देश्य थियो। धेरै यहूदीहरूले पनि येशूलाई विश्वास गरे भनेर पनि त्यस विवरणमा प्रस्तुत गरिएको थियो। खतना नगरिएका अन्य जाति वा गोरा जातका रोमी सिपाहीका हाकिम कर्नेलियसले येशूलाई ग्रहण गरेको बिषयमा चेलाहरूको बीचमा विवाद त भएकै थियो (प्रेरित ११:१-१८)। तर समय बित्दै जाँदा धेरै अयहूदी वा अन्य जातिहरू पनि विना खतना चर्चमा समावेश हुन थालेका थिए। पहिले केवल यहूदीहरूको बीचमा मात्र सुसमाचार सुनाउने मनस्थिति ती चेलाहरूले बोकेका थिए तर जब धेरै संख्यामा अन्य जातिहरू वा अन्य संस्कारबाट अयहूदीहरू चर्चमा समावेश भए तब त्यहाँ धेरै जटिल समस्याहरू खडा हुन थालेको थियो। यरुशलेममा रहेका येशूलाई विश्वास गर्ने विश्वासीहरू भएतापनि तिनीहरू कट्टर यहूदी भएको कारणले चर्चमा अन्य जातिहरूको ओइरोले तिनीहरू खुशी थिएनन्। अन्य जातिहरू पहिला यहूदी हुनुपर्छ वा तिनीहरूको खतना गर्नुपर्छ अनि मात्र तिनीहरू परमेश्वरका जनहरूसँग भाग लिन पाउँछन् र तिनीहरूसँग सङ्गति वा उठबस गर्न पाइन्छ भनेर तिनीहरूले जिकिर गरेका थिए।

प्रेरित १५ अध्याय विशेष अध्याय हो। यसमा अन्य जातिहरूले गर्दा चर्चमा भएको विवाद कसरी निर्णायक तहमा सुल्झियो र चर्चका विश्वासीहरू एक भएर एकै मत भयो भने समस्याको समाधान कसरी निकाल्न सकिंदो रहेछ भनेर प्रस्तुत गरिएको छ। सुसमाचार सारा संसारभरि सुनाउने लक्ष्यमा पुग्न यरुशलेमको परिषद्ले निर्णायक भूमिका खेलेको थियो। त्यसले गर्दा चेलचहरूले सम्हालेका चर्चको इतिहास नै परिवर्तन भएको थियो।

## १. विवादको विषय

एन्टिओखियाको चर्चको सुरूदेखि नै त्यहाँ तिनै थरिका विश्वासीहरू एकै मनका भएर शान्तिपूर्वक रहेका थिए। तिनीहरूमा हेलनिस्टिक वा पाश्चात्य ग्रीक तथा रोमी सभ्यताबाट आएका यहूदीहरू, इस्राएलबाट बिस्थापित भएर आएका यहूदीहरू र खतना नगरेका अन्य जाति वा अयहूदीहरू थिए (प्रेरित ११:१९-२१, गलाती २:११-१३)। जब यरुशलेमबाट येशूका विश्वासी समूह (जो यहूदीहरू थिए) त्यहाँ आए तब त्यहाँ भइरहेको इसाईहरूको बीचमा भएको शान्ति टुक्रिएको थियो।

**चर्चले के जटिल समस्याको सामना गर्नुपरेको थियो? हेर्नुहोस् प्रेरित १५:१-५ "१ अब कोही मानिसहरूले यहूदियाबाट एन्टिओखियामा आएर भाइहरूलाई यस्तो शिक्षा दिन लागे, "तिमीहरू मोशाको रीतिअनुसार खतना भएनौ भने त तिमीहरूको उद्धार हुन सक्नेछैन।" २ तब पावल र बारनाबासको तिनीहरूसँग धेरै मतभेद र वाद-विवाद भएपछि, त्यहाँका भाइहरूले पावल र बारनाबास र अरू कति जनालाई यस प्रश्नको फैसलाको निम्ति प्रेरितहरू र एल्डरहरूकहाँ यरूशलेम जानलाई नियुक्त गरे। ३ मण्डलीका सदस्यहरूले तिनीहरूलाई त्यहाँबाट बिदा दिए। तिनीहरू फोनिके र सामरियाबाट भएर जाँदा अन्यजातिहरूले प्रभुलाई ग्रहण गरेको कुरा तिनीहरूलाई सविस्तार सुनाए। यस खबरले त्यहाँका भाइहरू अत्यन्तै आनन्दित भए। ४ जब तिनीहरू यरूशलेम आइपुगे, तब तिनीहरूलाई मण्डली, प्रेरित र एल्डरहरूले स्वागत गरे। परमेश्वरले तिनीहरूसँग गर्नुभएका सबै कुराको प्रतिवेदन तिनीहरूले त्यहाँ दिए। ५ तब फरिसी दलका कतिपय विश्वास गर्नेहरूले उभिएर भने, "अन्यजातिहरूको खतना हुनु र तिनीहरूलाई मोशाको व्यवस्था पालन गर्ने आज्ञा दिनु आवश्यक छ।"**

परम्परागतरूपमा भन्ने हो भने येशूका ती विश्वासीहरू यहूदीहरू थिए। तिनीहरू यहूदीया वा यरुशलेमबाट एन्टिओखियामा आएका थिए। त्यो

पनि तिनीहरू फरिसी अर्थात् कट्टर यहूदी पण्डितहरू थिए। फरिसी भएतापनि येशूलाई विश्वास गर्नेहरू थिए भनेर पद ५ले देखाउँदछ। चर्चमा कट्टरपन्थी फरिसी पण्डितहरू पनि समाबेश हुन गएकोमा हामी छक्क हुनुपर्दैन किनभने पावल आफै पनि येशूलाई विश्वास गर्नुभन्दा पहिला फरिसी मतका थिए (फिलिप्पी ३:५)। एन्टिओखियामा आएका यहूदी इसाईहरू आफ्नै इच्छाले आएका हुनसक्छन् (प्रेरित १५:२४)। तर एन्टिओखियामा उठेको पछिको अर्को प्रसङ्गले यो देखाउँछ कि प्रायजसो येशूका यहूदी चेलाहरू र प्रेरितहरूसमेत गरेर चर्चमा अन्य जाति वा खतना नगरेका विश्वासीहरूको उपस्थिति भएकोमा तिनीहरूले निको मानेका थिएनन् (गलाती २:११-१३)।

पावलले गलातीको पुस्तकमा ती यहूदी इसाईहरूको बारेमा सकारात्मक रूपमा बोलेको पाइँदैन। इसाई हुन पहिले यहूदी संस्कारमा घुस्नुपर्छ भन्ने कुरो पावलको निम्ति मान्य थिएन। तिनीहरू दुःख दिने (गलाती १:७, ५:१०) र "झुठा भाइहरू" (गलाती २:४) हुन् भनेर पावलले सम्बोधन गरेका थिए। तिनीहरूको मनशाय भनेकै येशूलाई विश्वास गर्ने अयहूदीहरूलाई यहूदी संस्कारको परम्परा, रीतिथिति, विधिवाद वा जडसूत्रबादकोको दासत्वमा हुल्नु थियो।

हेर्दा तिनीहरूको कुरो सरलै देखिन्थ्योः जब सम्म अन्य जाति वा अयहूदीहरूले खतना गर्दैनन् र यहूदी धर्मका सम्पूर्ण विधिविधान तथा संस्कारहरू पालन गर्दैनन् तिनीहरूले मुक्ति पाउन सक्दैनन्। भनाईको अर्थ केवल परमेश्वरले करार बाँध्नुभएका मानिसहरूको बीचमा वा जातमा मात्र मुक्ति पाइन्छ र पुरानो करार अनुसार खतना नगरुञ्जेल कोही मानिस पनि परमेश्वरको चुनिएको व्यक्ति हुन सक्दैनन् (उत्पत्ति १७:९-१४, प्रस्थान १२:४८)। संक्षिप्तमा भन्ने हो भने ती यहूदी इसाईहरूको तर्क यो थियो कि जब सम्म अयहूदी वा अन्य जातिहरूले आफ्नो धर्म परिवर्तन गरेर यहूदी हुँदैनन् तब सम्म तिनीहरूले मुक्ति पाउँदैनन्।

तर पहिला यहूदी हुनुपर्छ भन्ने तर्क सुसमाचारको मर्मको खिलाफमा भएको कारणले पावल र बारानाबास सहमत हुन सकेका थिएनन्। ती यहूदी इसाईहरूको आक्रामक र लचिलो नहुने हठले गर्दा विश्वासीहरूको बीचमा ठूलो विवादको सृजना भएको थियो। प्रेरित १५:२ मा स्टासिस (stasis) भन्ने शब्द प्रयोग गरिएको छ। त्यसको अर्थ "भनाभन", "द्वन्द" वा "फुट" हो। तर चर्चमा जुन गम्भीर समस्याको सृजना भयो त्यो केवल स्थानीय तहमामात्र

सुल्झिने थिएन। चर्चको एकता नै खतरामा परेको थियो। त्यसकारण एन्टिओखियाका विश्वासीहरूले यरुशलेममा केही प्रतिनिधिहरू पठाएर त्यसको समाधन खोज्ने निर्णय गरे। ती प्रतिनिधिहरूमा पावल र बारनाबास पनि थिए।

एकपटक **तपाईं आफैलाई यहूदी इसाईहरूको स्थानमा राख्नुहोस्। यदि यहूदी जाति नभएका मानिसहरू इसाई हुन अघि सरेमा तपाईंको मनस्थिति कस्तो हुन्छ होला?**

## २. खतना

यहूदी जातिबाट इसाई भएका चेलाहरू र यहूदी नभएका जातिबाट इसाईहरूभएकाहरूको बीचमा भएका धेरै किसिमका विवाद वा द्वन्दहरू त थिए नै। तर तिनीहरूमध्ये सब भन्दा उल्लेखनीय बिबादचाहीं खतनाको बिषय थियो। खतना वा जन्मेका ८ दिन भएपछि बालकको लिङ्गको टुप्पोको छाला काट्नु वा कुनै पनि यहूदी जाति नभएका पुरूषहरू यहूदी हुनुपरे ती पुरूषहरूले गर्नुपर्ने खतना यहूदीहरूको निम्ति अत्यन्त महत्त्वपूर्ण परम्परा थियो (जसरी कुनै मानिस हिन्दु हुनु परेमा उसलाई ब्रतबन्ध गरेरमात्र बनाइन्छ, नत्र जातमा उसलाई हिन्दु मानेतापनि कुनै पनि हिन्दु संस्कारमा उसलाई समावेश गरिँदैन किनभने आधिकारिक रूपमा ऊ हिन्दु ठहरिँदैन। त्यसैकारण हरेराम भनेर कृष्णलाई मान्ने गोरा जातिहरू जतिसुकै हिन्दु हौं भनेर फलाकेतापनि उनीहरूलाई पशुपतिमा हुल्दैनन् किनभने आधिकारिक तथा परम्परागतरूपमा तिनीहरूलाई हिन्दु मानिँदैन-अनुवादकको टिप्पणी)।

यहूदीहरूमा हुनुपर्ने खतना ती यहूदीहरूले सृजना गरेको संस्कार नभएर (त्यसको बिपरित मत्ती १५:२:९मा येशूले दश आज्ञाको गरिमालाई मान्यता दिएर यहूदीहरूले आफ्नो परम्पराको नाउँमा ती आज्ञाहरू तोडेकोमा आपत्ती जनाउनुभएको थियो), तर परमेश्वरकै निर्देशनमा त्यो रिति स्थापना भएको थियो। जब अब्राहमलाई आफ्नो मूर्ति पूजा गर्ने संस्कारबाट अलगिन परमेश्वरले भन्नुभयो तब खतनाद्वारा अब्राहमलाई विशेष चुनिएको जाति बनाउनुभएको थियो। परमेश्वर र यहूदीहरूको बीचमा सम्बन्ध गाँसिएको छ भन्ने करारको प्रमाण खतनाद्वारा शिलबन्दी गरिएको थियो। त्यसले गर्दा अब्राहमको सबै सन्तान वा बंशले खतना गर्नुपर्ने वाध्यतालाई स्वीकारेको थियो (उत्पत्ति १७:९-१४)।

इस्राएली जातिमा जन्मिएका मानिसहरूले खतना गर्नुपर्ने त थियो नै, तर अरू कसले पनि खतना गर्नुपर्थ्यो? हेर्नुहोस् प्रस्थान १२:४३-४९ "४३ परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो, "निस्तार-चाड़का विधिहरू यी नै हुन्: "कोही विदेशीले त्यसबाट नखाओस्। ४४ तर किनिएको हरेक कमाराले खतना गरेपछि मात्र खाओस्, ४५ तर परदेशी र ज्यालादारी नोकरले त्यो नखाओस्। ४६ "त्यो एउटै घरमा खाइनेछ। त्यसको मासुबाट केही पनि घरबाट बाहिर नलैजानू, न त त्यसका कुनै हाड़ भाँच्नू। ४७ इस्राएलको सारा समुदायले त्यो पालन गरोस्। ४८ "तिमीहरूसित प्रवास गर्ने कोही परदेशी छ, र परमप्रभुको निस्तार-चाड़ मनाउन त्यसले इच्छा गर्छ भने, त्यसको घरका सबै पुरुषको खतना होस्। तब त्यसले त्यो देशमै जन्मेको जस्तो गरी सो चाड़मा भाग लिन सक्छ। खतना नभएको कुनै मानिसले त्यो नखाओस्। ४९ स्वदेशी र तिमीहरूका बीचमा प्रवास गर्ने परदेशीको निम्ति समान नियम हुनेछ।"

परमेश्वर र मानिसहरूको बीचमा गरिएको करारको आशिषको उपभोग केवल यहूदीहरूलाई मात्र नभएर जो कोही पनि हुनसक्थ्यो। तिनीहरूमा दासहरू होउन् वा विदेशी पाहुना हुन्। यदि तिनीहरूले त्यो आशिषको उपभोग गर्न चाहेमा त्यसले खतना गर्नुपर्थ्यो। जब कोही बिदेशी वा अन्य जाति पाहुनाको खतना गरिन्छ भने त्यो इस्राएली जातिमा जन्मेकाको तहमा परमेश्वरको अगाडि खडा भएको ठहरिन्थ्यो। परमेश्वरले स्पष्ट रूपमा बिदेशी वा अन्य जाति अर्थात अयहूदीहरू जब खतनाद्वारा यहूदी जातमा हुलिन्छन् भने "त्यो मानिसलाई देश बासिन्दा वा यहूदी जातिकै रूपमा मानिनेछ" (प्रस्थान १२:४८ रूपान्तरित)।

त्यसकारण यहूदी पुरूषहरूको बीचमा खतना नभैनहुने विधि थियो। यदि खतना गरिएमात्र कुनै व्यक्ति इस्राएली नै किन नहोस् परमेश्वरसँगको करारमा बाँधिएर खडा भएको समूहको जस्तै उसलाई पूरा सदस्य हुने अधिकार थियो। त्यसकारण येशू, इस्राएलीहरूको मसीह भएको कारणले यहूदी इसाईहरूले अन्य जातिहरूको पनि खतना हुनुपर्छ नत्र यहूदीले मात्र पाउने मुक्ति तिनीहरूलाई पाउन अधिकार छैन भनेर अडान लिएका थिए।

तर पावलको बुझाइमा खतनाको अर्थ के हो त? हेर्नुहोस् देहायका केही पदहरू: रोमी ३:२९-३१ "२९ के परमेश्वर केवल यहूदीहरूकै मात्र परमेश्वर हुनुहुन्छ र? के उहाँ अन्यजातिहरूका परमेश्वर हुनुहुन्न? उहाँ अन्यजातिहरूका पनि परमेश्वर हुनुहुन्छ। ३० किनकि परमेश्वर एउटै

हुनुहुन्छ। उहाँले खतनावाललाई तिनीहरूका विश्वासको आधारमा र खतना नभएकालाई तिनीहरूको विश्वासद्वारा धर्मी ठहराउनुहुन्छ। ३१ तब के हामी यही विश्वासद्वारा व्यवस्थालाई रद्द गर्ने? कदाचित् होइन! बरु हामीहरू त व्यवस्थालाई कायम पो राख्छौं।" (यहाँ व्यवस्था भन्दा दश आज्ञालाई मानिन्छ-अनुवादकको मन्तव्य)।, १ कोरन्थी ७:१७-२० "१७ प्रभुले हरेकलाई जस्तो जीवन खटाउनुभएको छ र जस्तो स्थितिमा बोलाउनुभएको छ, सोहीबमोजिम त्यो चलोस्। सबै मण्डलीहरूका निम्ति मेरो नियम यही हो। १८ के कोही मानिसको बोलावट हुँदा त्यसको अघिबाटै खतना भइसकेको थियो? त्यसो हो भने त्यसले बेखतना हुन नखोजोस्। के कोही खतना नहुँदै बोलावट भएको छ? त्यसो भए त्यसले खतना हुन नचाहोस्। १९ खतना केही होइन, बेखतना पनि केही होइन, तर परमेश्वरको आज्ञापालन मुख्य कुरा हो। २० जुन अवस्थामा मानिसलाई बोलावट भएको छ, त्यसैमा नै हरेक मानिस रहिरहोस्। २१ तिम्रो बोलावट हुँदा तिमी कमारा थियौ? यदि थियौ भने त्यसको वास्ता नगर, तर स्वतन्त्र हुन सक्छौ भने त्यसको फाइदा उठाऊ।", गलाती ३:२६-२९ "२६ किनकि विश्वासद्वारा तिमीहरू सबै ख्रीष्ट येशूमा परमेश्वरका सन्तान हौ। २७ किनकि तिमीहरूमध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो, तिमीहरू सबैले ख्रीष्टलाई धारण गरेका छौ। २८ अब न त यहूदी छ न ग्रीक, न कमारा छ न फुक्का, न त पुरुष न स्त्री छ, किनभने ख्रीष्ट येशूमा तिमीहरू सबै एउटै हौ। २९ यदि तिमीहरू ख्रीष्टका हौ भनेता तिमीहरू अब्राहामका सन्तान हौ, र प्रतिज्ञाबमोजिम उत्तराधिकारीहरू हौ।" र गलाती ५:२-६ "१ स्वतन्त्रताको निम्ति ख्रीष्टले हामीलाई स्वतन्त्र पार्नुभएको छ। यसकारण दह्रा भएर खड़ा होओ, र फेरि दासत्वको जुवामुनि नपर। २ म पावलले नै तिमीहरूलाई भन्दछु, तिमीहरूले खतना लियौ भने ख्रीष्टबाट तिमीलाई कुनै फाइदा हुनेछैन। ३ खतना हुने प्रत्येकलाई म फेरि चेताउनी दिन्छु, कि सम्पूर्ण व्यवस्था पालन गर्न त्यो बाध्य हुन्छ। ४ तिमीहरू जो व्यवस्थाद्वारा धर्मी ठहरिन चाहन्छौ, तिमीहरू ख्रीष्टबाट अलग्ग भएका छौ। तिमीहरू अनुग्रहबाट तल खसेका छौ। ५ किनकि हामी पवित्र आत्माद्वारा विश्वासबाट धार्मिकताका आशाको प्रतीक्षा गर्छौं। ६ ख्रीष्ट येशूमा न त खतना केही मूल्यको न बेखतना केही मूल्यको हुन्छ। तर एउटै कुराको मात्र मूल्य छ, अनि त्यो हो– प्रेमद्वारा काम गर्ने विश्वास।"

जब अन्य जाति वा अयहूदीहरू पनि मुक्ति पाउन जब पहिला यहूदी हुनुपर्छ भनेर यहूदी इसाईहरूले जिकिर गर्दछन् भने तिनीहरूले दुई

धारणाहरूलाई गलत ढङ्गले मिसाइरहेको देखिन्छः ती हुन् अब्रहामसाग बाँधिएको करार र मुक्ति। परमेश्वरले करार बाँध्नुभएको जातिको सदस्य भएतापनि त्यसले मुक्ति पाउँछ भन्ने ग्यारेन्टी छैन ( शारीरिक खतनाचाहीँ गर्ने तर हृदयमा खतना नगर्ने यहूदीहरूलाई परमेश्वरले यो चेतावनी दिनुहुन्छः "परमप्रभुमा आफूलाई खतना गर। हे यहूदाका मानिसहरू र यरूशलेमका बासिन्दाहरू हो, तिमीहरूका हृदयको खतना गर, नत्रता तिमीहरूले गरेका दुष्टताले गर्दा मेरो क्रोध आगोझैं दन्केर निस्कनेछ, र कसैले ननिभाउने गरी त्यो जल्नेछ।" यर्मिया ४:४) र "२५ परमप्रभु घोषणा गर्नुहुन्छः “समय आउँदैछ, जब म शरीरको मात्र खतना भएकाहरू तर यथार्थमा बेखतना भएका सबैलाई दण्ड दिनेछु– २६ अर्थात् मिश्रदेश, यहूदा, एदोम, अम्मोन, मोआब र मरुभूमि र टाढ़ा-टाढ़ाका ठाउँहरूमा बस्ने सबैलाई। किनकि यी सबै जातिहरू साँच्चै नै बेखतनाका हुन्, र इस्राएलका सारा घरानासित पनि हृदयमा बेखतना भएकाहरू हुन्।” यर्मिया ९:२५-२६)। अझ थप कुरा गर्नुपर्दा अब्राहम आफै पनि परमेश्वरको सामु खतना हुनु अघि नै निर्दोष ठहरिएका थिए ("९ के यो आशीर्वाद खतनावालहरूका निम्ति मात्र हो? कि बेखतनावालहरूका निम्ति पनि हो? अब्राहामको निम्ति त उनको विश्वास नै धार्मिकता गनिएको थियो भनी हामी भन्दछौं। १० तब कसरी यो उनको निम्ति धार्मिकता गनियो? उनको खतना हुनभन्दा अघि वा पछि? उनको खतना भइसकेपछि होइन, तर अघि। ११ खतना नहुँदै विश्वासद्वारा पाउने धार्मिकताको चिन्ह वा छाप स्वरूप उनले खतना पाएका थिए। खतनाविनै विश्वास गरेर धर्मी गनिएका सबैका उनी पिता होऊन् भन्ने उद्देश्यले यो भएको हो। १२ उनी ती खतनावालहरूका पनि पिता हुन्, जसका खतना भएको मात्र होइन, तर जसले विश्वासको त्यही नमूनालाई पछ्याउँछन्, जुन विश्वास खतना हुन अघि हाम्रा पिता अब्राहाममा थियो।" रोमी ४:९-१२)। मुक्ति भनेको जहिले पनि विश्वासद्वारामात्र उपलब्ध भएको थियो। तर करारचाहीँ परमेश्वरको त्यो अनुग्रही प्रवन्ध थियो जसबाट सारा संसारले परमेश्वरको मुक्तिको योजना थाहा पाऊन् भनेर ती यहूदीहरूले देखाउन्। त्यही उद्देश्यले इस्राएलीहरूलाई परमेश्वरले चुन्नुभएको थियो ("१ परमप्रभुले अब्रामलाई भन्नुभयो, “तिम्रो देश र तिम्रा कुटुम्ब तथा तिम्रा पिताका घरबाट निस्केर जुन देश म तिमीलाई देखाउँछु त्यहाँ जाऊ। २ “म तिमीबाट एउटा ठूलो जाति खड़ा गर्नेछु, र तिमीलाई आशिष् दिनेछु। म तिम्रो नाउँ प्रसिद्ध गराउनेछु, र तिमी आशिष्को मूल हुनेछौ। ३ तिमीलाई आशिष्

दिनेहरूलाई म आशिष् दिनेछु, र तिमीलाई सराप दिनेहरूलाई सराप दिनेछु। तिमीद्वारा नै पृथ्वीका सबै कुलले आशिष् पाउनेछन्।"

खतनाद्वारामात्र मुक्ति पाइन्छ भनेर मुक्तिलाई खतनासँग मिसाउँदा ठूलो समस्या खडा भएको पाइन्छ। ती इसाई यहूदीहरूले पनि येशूद्वारा भन्दा खतना नै मुक्तिको बाटो हो भन्ने धारणामा लागेका थिए अर्थात् यहूदी धर्मकर्म वा व्यवस्थालाई पालन गर्दा मुक्ति पाइन्छ भन्दा मुक्ति अनुग्रहबाट होइन भन्ने कुरालाई समर्थन गरेको पाइन्छ। तर परमेश्वरको मुक्ति दिने अनुग्रह मानिसहरूको कामद्वारा संचालित हुँदैन। त्यसकारण येशूलाई विश्वास गरेर मुक्ति पाइन्छ भनेर आत्मसात् गर्ने अन्य जातिहरूलाई जबरजस्ती खतना गर्न वाध्य गर्न लगाउँदा सुसमाचारको सत्यतालाई भ्रष्ट पारेको देखिन्छ ("६ मलाई आश्चर्य लागिरहेछ, कि ख्रीष्टको अनुग्रहमा तिमीहरूलाई बोलाउनुहुनेलाई यति चाँड़ै त्यागेर तिमीहरू भिन्न सुसमाचारतिर लागिरहेछौ। ७ वास्तवमा अर्को सुसमाचार छैन, तर यस्ता कोहीकोही छन्, जसले ख्रीष्टको सुसमाचारलाई भ्रष्ट पार्न खोज्छन्। ८ हामीले प्रचार गरेका सुसमाचारको विपरीत हामीले वा स्वर्गबाट आउने दूतले नै प्रचार गर्‍यो भने पनि त्यो व्यक्ति श्रापित होस्। ९ हामीले अघिदेखि नै भनेजस्तै म फेरि अहिले पनि भन्दछु, तिमीहरूले जुन सुसमाचार ग्रहण गरेका छौ, त्यसको विपरीत अरू कसैले तिमीहरूलाई प्रचार गर्दछ भने, त्यो श्रापित होस्।" (गलाती १:६-९), "२ ईश्वरीय प्रकाश पाएअनुसार म गएँ, र तिनीहरूका सामुन्ने त्यही सुसमाचार राखें, जो म अन्यजातिहरूलाई प्रचार गर्दछु। तर अगुवाझैं देखा पर्नेहरूका सामुन्ने मैले यो एकान्तमा प्रस्तुत गरें, ताकि मैले जो दौड दौडें वा दौडिरहेको छु, त्यो व्यर्थ नहोस्। ३ तर मेरो साथमा हुने तीतसलाई ग्रीक भए तापनि खतना हुनुपर्छ भनेर कसैले कर लाएन। ४ खतनाको यो कुरा उठ्यो, किनकि कति झूटा भाइहरू हाम्रो दलभित्र गुप्त रूपले पसिकन ख्रीष्टमा भएको हाम्रो स्वतन्त्रताको चेवा गरी हामीलाई बन्धनमा ल्याउन चाहन्थे। ५ सुसमाचारको सत्यता तिमीहरूका लागि सुरक्षित रहोस् भनेर तिनीहरूका सामुन्ने हामी एकै पलका निम्ति पनि झुकेनौं।" (गलाती २:२-५)। खतना वा धर्मकर्म गरेर मुक्ति पाइन्छ भन्ने धारणाले परमेश्वरको अनुग्रहलाई बेकम्मा बनाउँदछ ("परमेश्वरको अनुग्रह म पन्साउँदिनँ, किनकि व्यवस्थाद्वारा धर्मी ठहरिने हो भनेता ख्रीष्ट व्यर्थैमा मर्नुभयो।" गलाती २:२१) र साथै येशू आउनुको कारण बेकार ठहरिन्छ ("म पावलले नै तिमीहरूलाई भन्दछु, तिमीहरूले खतना लियौ

भने ख्रीष्टबाट तिमीलाई कुनै फाइदा हुनेछैन।" गलाती ५:२)। मुक्तिको सर्वव्यापिकताको स्वभावलाई पनि खतना गर्नुपर्ने ढिपीले अस्वीकार गरेको देखाउँछ ("५ यसकारण तिमीहरूमा जो सांसारिक स्वभावका कुराहरू छन् तिनलाई मारः व्यभिचार, अशुद्धता, कामुकता, खराब इच्छा र लोभ, जो मूर्तिपूजा हो। ६ यिनै कुराहरूका खातिर परमेश्वरको क्रोध आज्ञा नमान्नेहरूमाथि आउँदछ। ७ तिमीहरू पनि यी कुरामा रहँदा अघि एक समय यस्तै कुरामा चल्दथ्यौ। ८ तर अब तिमीहरूले पनि यी सबै कुरा त्यागः रीस, क्रोध, डाह, निन्दा, आफ्नो मुखबाट निस्कने फोहोर बोली। ९ एउटाले अर्कालाई नढाँट, किनकि पुरानो स्वभाव त्यसका चलनसमेत तिमीहरूले त्यागेका छौ, १० र नयाँ स्वभाव धारण गरेका छौ, जो आफ्नो सृष्टिकर्ताको रूपअनुसार ज्ञानमा नयाँ भइरहेको छ। ११ यहाँ ग्रीक र यहूदी, खतनाका र बेखतनाका, अशिक्षित, असभ्य, कमारा र फुक्काको भेद रहनेछैन, तर ख्रीष्ट नै सबै कुरा र सबै कुरामा हुनुहुन्छ।" कलस्सी ३:५-११ र "११ किनकि सबै मानिसहरूका मुक्तिको निम्ति परमेश्वरको अनुग्रह प्रकट भएको छ, १२ जसले हामीलाई भक्तिहीनता र सांसारिक तृष्णाहरू त्यागन र संसारमा संयमी, सोझो र भक्त भएर जीवन यापन गर्न तालीम दिन्छ। १३ र हाम्रो धन्यको आशा– हाम्रा महान् परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टका महिमाको आगमनको हामी प्रतीक्षा गर्दछौं। १४ ख्रीष्टले हामीलाई सबै अधर्मबाट मोल तिरेर उद्धार गर्नुभयो, सुकर्ममा जोशिलो भएको आफ्नै निम्ति एक विशेष जाति शुद्ध पार्नलाई आफूलाई दिइहाल्नुभयो।" तीतस २:११-१४)। त्यसकारण पावलले खतना वा मानिसको असल काम वा धर्मकर्मले मुक्ति पाइन्छ भन्ने दर्शनप्रति कहिल्यै पनि समर्थन नगरेको स्पष्ट छ।

**ठीक चर्चको सदस्य भयो भन्दैमा वा सेभेन्थ-डे एडभेन्टिस्ट भयो भन्दैमा वा बप्तिस्मा लियो भन्दैमा मुक्ति पाइन्छ भन्ने खतरामूलक सोचाइ किन गलत छ?**

## ३. बादबिबाद

**यरुशलेममा येशूका विश्वासीहरू यहूदी संस्कार मान्ने कि नमान्ने भन्ने विषयमा बादबिबाद भइरहेको बेलामा पत्रुसले सबैको ध्यान आकर्षण गर्ने गरि सम्बोधन गरे। उनको सम्बोधन कस्तो उल्लेखनीय थियो जसले गर्दा इसाई जगतमा सदाको निम्ति यहूदी धर्मको संस्कार लादिने कुराको अन्त भयो?**

**हेर्नुहोस्, "४ यरूशलेम सहर आइपुग्दा त्यहाँ भएका प्रभुमा विश्वास गर्ने दाजुभाइ, प्रेरित र मण्डलीका धर्म-गुरुहरूले उनीहरूको स्वागत गरे। त्यसपछि पावल र बारनाबासले त्यहाँ भेला भएका सबैलाई परमेश्वरले उनीहरूद्वारा गर्नुभएको कामहरूको बारेमा बताए। ५ उनीहरूको कुरा सुनेर प्रभुमा विश्वास गरेका केही फरिसीहरूले चाहिँ उभिएर यसो भने, "अरू जातिबाट आउने चेलाहरूले यहूदी रीतिअनुसार खतना गर्नैपर्छ अनि तिनीहरूलाई मोशाले दिएका व्यवस्था पूरै पालन गर्न लगाउनुपर्छ।" ६ प्रेरित र मण्डलीका धर्म-गुरुहरूले यस कुराको लागि सभा गरे। ७ धेरै वाद-विवाद भएपछि पत्रुसले उठेर भने, "दाजुभाइहरू हो, तपाईंहरूलाई थाहै छ, अरू जातिका मानिसहरूले प्रभु येशूको सुसमाचार सुनेर विश्वास गरी मुक्ति पाऊन् भनेर परमेश्वरले मलाई तपाईंहरूको बीचबाट निकै समयअगाडि नै छान्नुभएको थियो। ८ सबै मानिसको हृदय जान्नुहुने परमेश्वरले हामीलाई दिएजस्तै गरी अरू जातिका मानिसहरूलाई पनि पवित्र आत्मा दिनुभयो। यसरी उहाँले अरू जातिका मानिसहरूलाई आफ्नो बनाउनुभयो। ९ उहाँले यहूदी र अरू जातिका मानिसहरूमा भेदभाव राख्नुभएन। अरू जातिका मानिसहरूले विश्वास गरे र परमेश्वरले तिनीहरूको हृदयलाई शुद्ध पार्नुभयो। १० न त हाम्रा पुर्खाले न हामीले यो भारी उठाउन सक्यौं। त्यसैले हाम्रा पुर्खाले उठाउन नसकेको भारी अरूलाई बोकाएर किन परमेश्वरको जाँच गर्ने? ११ त्यस्तो नगरौं। तिनीहरूजस्ता हामीहरू पनि विश्वास गरेर हाम्रा प्रभु येशूको अनुग्रहले नै बचाइएका हौं। १२ त्यस बेला सबै चुप लागे। पावल र बारनाबासले अरू जातिका मानिसहरूका बीचमा परमेश्वरले उनीहरूद्वारा गर्नुभएका अचम्मका कामहरूको बारेमा बताउँदा सबैले ध्यान दिएर सुनिरहे।" प्रेरित १५:४-१२।**

उपरोक्त सभामा के के भयो भनेर लूकाले सबै कुरा लेखेका छैनन। यहूदीबाट इसाईहरू भएकाहरूले कस्ता कस्ता तर्क गरेका थिए सो थाहा पाउन पाए रोचक हुन्थ्यो (प्रेरित १५:५), साथै पावल र बारानाबासले भनेका कुराहरू थाहा पाउन पाए झन असल हुन्थ्यो। तर पत्रुस र याकूबले सम्बोधन गरेका वचनहरूमात्र उल्लेख गरिएकोले तत्कालीन इसाई समाजमा ती प्रेरितहरूको सम्मान कस्तो थियो भनेर बताउँछ।

प्रेरित र एल्डरहरूलाई सम्बोधन गर्दै पत्रुसले केही वर्ष अघि कर्नेलियससँग भएको अनुभव तिनीहरूलाई याद दिलाउँछन्। मूलभूत कुरामा उनले त्यही तर्कलाई दोहोऱ्याएका थिए जुन् पहिला यरुशलेमाका

विश्वासीहरूलाई सम्बोधन गरेका थिए (प्रेरित ११:४-१७)। कर्नेलियस बिदेशी र खतना नगरेतापनि उनको क्रियाकलापलाई परमेश्वरले अनुमोदन गर्नुभएको थियो। पेन्टिकोस्टमा प्रेरितहरूले पवित्र आत्मा पाएको जस्तै कर्नेलियस र उनका घरानाले पनि पवित्र आत्माको बरदान पाएका थिए।

सुसमाचारको उद्देश्यलाई प्रस्तुत गर्न परमेश्वरकै इच्छा अनुसार चेलाहरूको बीचमा सर्बमान्य पत्रुसलाई उहाँले प्रयोग गर्नुभएको थियो। मुक्तिको मामिलामा परमेश्वरले यहूदी र अयहूदी अर्थात् अन्य जातिहरूलाई छुट्ट्याउनुहुन्न भन्ने तर्क प्रस्तुत गरेर पत्रुसले श्रोताहरूलाई चित्त बुझाएका थिए। अयहूदीहरूमा पुरानो करारको शुद्ध पार्ने विधि र नीतिहरूको फाइदा उठाउन नपाइएतापनि तिनीहरूलाई अब अशुद्ध, पानी नचल्ने तल्लो जाति भनेर तिरस्कार गर्ने नीति हटिसक्यो भनेर पत्रुसले जिकिर गर्दछन् किनभने परमेश्वर आफैले तिनीहरूको हृदयलाई शुद्ध पारेर छुवाछुत प्रथा वा तिनीहरूलाई अशुद्ध पशु ठानेर व्यवहार गर्नै हटाउनुभएको थियो। पत्रुसको अन्तिम वक्तव्यले पावलकै भनाइलाई प्रतिबिम्ब गर्दछ: “ **तिनीहरूजस्ता हामीहरू पनि विश्वास गरेर हाम्रा प्रभु येशूको अनुग्रहले नै बचाइएका हौं।” (प्रेरित १५:११)।**

**अन्त्यमा आएर अयहूदी वा अन्य जातिहरूले गर्दा सृजना भएको समस्याको समाधान गर्न याकूबले कस्तो प्रस्ताब पेश गरे? हेर्नुहोस् प्रेरित १५:१३-२१ “ १३ उनीहरूले बोलिसकेपछि याकूबले उठेर भने, “दाजुभाइहरू हो, मेरो कुरा सुन्नुहोस् है! १४ परमेश्वर आफैंले दया गरेर अरू जातिका मानिसहरूका हृदयमा काम गरी तिनीहरूलाई आफ्ना जन बनाउनुभयो। यो त सिमोन पत्रुसले तपाईंहरूलाई भर्खरै बताउनुभयो। १५ अगमवक्ताहरूले धर्मशास्त्रमा पनि यस्तै लेखेका छन्– १६ ‘त्यसपछि म फर्कनेछु र दाऊदको ढलेको घरानालाई फेरि उठाउनेछु र भत्केको फेरि बनाउनेछु म त्यसलाई फेरि शक्तिशाली बनाउनेछु। १७ मैले आफ्नै बनाउन बोलाएको अरू जातिका मानिसहरू मकहाँ आउनेछन्’। १८ भनेर प्रभु परमेश्वरले भन्नुहुन्छ, जसले धेरैअघि नै यी कुरा जनाउनुभएको थियो। १९ “त्यसो हुँदा परमेश्वरमा आएका अरू जातिका मानिसहरूलाई हामी दु:ख नदिऔं भन्ने मेरो विचार छ। तैपनि अब हामी उनीहरूलाई एउटा पत्र लेखौं २० र त्यसमा उनीहरूलाई यी कुराहरूको जानकारी दिऔं– ‘मूर्तिलाई चढाएर अशुद्ध भएका खाना नखानू, व्यभिचारबाट अलग भएर बस्नू अनि घाँटी निमोठेर मारेको पशुको मासु नखानू र केहीको पनि रगत नपिउनू’। २१ किनभने मोशाले दिएको व्यवस्था त**

**उहिलेदेखि नै विश्राम दिनैपिच्छे सभाघरहरूमा पढेर सुनाइएकोले उनको शिक्षा सहरैपिच्छेका मानिसहरूले पनि जानिसकेका छन्।"**

याकूब आधिकारिक व्यक्ति भएर बोलेका थिए भनेर उनको बोलीले देखाउँछ (प्रेरित १२:१७,२१:१४ र गलाती २:९,१२सँग तुलना गर्नुहोस्)। भविष्यवक्ता आमोसले आमोस ९:११मा दाउदका बंशले दाउदको मन्दिरलाई पुनर्निर्माण गर्नेछ भनेर भविष्यवाणी गरेका थिए। याकूबको भनाइमा त्यो अक्षरस वा पूरा भइहाल्यो भनेर उल्लेख नगरेतापनि अयहूदी वा अन्य जातिहरूलाई परमेश्वरको सन्तानमा हुलिसकियो भनेर उनले ठोकुवा गर्छन्। अझ स्पष्टरूपमा भन्ने हो भने अन्य जातिहरू पुनसंरचनाद्वारा परमेश्वरका जनहरू हुन दिइयो र अब इस्राएलमा वा परमेश्वरका चुनिएका जातिहरूमा तिनीहरूलाई पनि संलग्न गराउन सक्ने भइदिएको छ।

अयहूदी वा अन्य जातिहरूलाई यहूदी संस्कारको बंदेजमा नराख्न याकूबले आफ्नो निर्णय सुनाए। तर बिदेशीहरूले इस्राएलमा रहने चाहना गर्दा अपनाउनुपर्ने सामान्य नियमबाहेक धर्मको नाउँमा तिनीहरूलाई दुःख दिनुनहुने अनुरोध याकूबले गरेका थिए।

## ४. प्रेरितहरूको आदेश

**यहूदीहरूले पालन गरेका अनेकौं विधिविधानहरू अयहूदीहरूलाई पालन गर्न कर त लगाएनन् तर चारवटा नीतिहरूलाई भने तिनीहरूले पालन गर्नुपर्ने यरुशलेमको परिषदले निर्णय गरे। यी नीतिहरू यहूदी र अयहूदी छुट्ट्याउने नीतीहरू थिए। ती के के हुन्? हेर्नुहोस् "२८ अब पालन गर्नुपर्ने मुख्य कुराबाहेक तपाईंहरूलाई मोशाले दिएका नियमको अरू बोझ नबोकाउनु नै पवित्र आत्मा र हामीहरूले ठीक ठहरायौं। २९ अब मुख्य कुराचाहिँ यिनै हुन्– मूर्तिलाई बलि चढाएको कुरो नखानू, केहीको पनि रगत नपिउनू, घाँटी निमोठेर मारेको पशुको मासु नखानू अनि व्यभिचारबाट अलग भएर बस्नू। यी कुराहरू पालन गर्नुभयो भने तपाईंहरूलाई असल हुनेछ। तपाईंहरू सबैको भलो होस्। भन्नुपर्ने कुराचाहिँ यति नै हो।" प्रेरित १५:२८-२९।**

जुन मूल बिषय (खतनाको बिषय) लिएर येशूका विश्वासीहरू भेला भएका थिए, विभिन्न छलफल गरेपछि त्यस बिषयको चित्तबुझ्दोरूपमा टुङ्गो लागेको थियो। **मुक्ति भनेको** अनुग्रहबाट पाइने भएकोले अयहूदीहरू वा अन्य जातिहरू चर्चमा समाबेश हुन अब खतना गर्नुपर्ने आवश्यकता नभएको प्रस्ताब

यरुशलेम चर्चले पारित गरेको थियो। तैपनि तिनीहरूले चार कुराहरू त पालन गर्नैं पर्ने बताइएको थियोः (१) धार्मिक रिति अनुसार मूर्तिलाई पूजा गर्न बलि चढाएको मासु जुन् मन्दिरको भोजभतेरमा प्रयोग गरिन्छ वा बलि चढाएर बिक्री गरिन्छ, खान नहुने (२) रगत पिउनु नहुने (३) घाँटी निमोठिएको पशुको मासु अर्थात् तातातातै रगत नसुकाएको खान नहुने (३) र कुनै किसिमको व्यभिचारी वा अनैतिक सम्बन्धबाट अलग बस्नुपर्ने।

आजका कतिपय इसाईहरूले प्रथम तीन कुराहरूचाहीँ खानपिनमा केवल अस्थायी बन्देज लगाइएको भनेर जिकिर गर्दछन्। ती कुराहरु यहूदीहरूको निम्ति बिशेष गरेर वाक्क लाग्दो थियो। त्यो केवल यहूदी र अयहूदी विश्वासीहरूलाई छुटट्याउने बन्देजमात्र हुन् रे। यतिमात्र होइन अरू इसाईहरूले यो पनि सिकाउँछन् कि पुरानो करारका कुनै पनि व्यवस्था वा नीति, खान हुने वा खान नहुने शुद्ध अशुद्ध पशुको मासु (लेबी ११) र सबाथ आज्ञा (प्रस्थान २०:८-११) पनि खारेज भयो किनभने परिषदले गरेका निर्णयहरूमा तिनीहरू समावेश भएका थिएनन् अब इसाईहरूले पालन गर्नु पर्दैन।

प्रेरितहरूले अनुमोदन गरेको भनेको आदेश न त अस्थायी न त इसाईहरूको निम्ति नयाँ नीति थिए जुन पुरानो करारको कुनै नीति वा व्यवस्थासँग सरोकार नभएको भनेर देखाइएको थियो। यथार्थमा भन्ने हो भने पवित्र आत्माको अगुवाईमा (प्रेरित १५:२८) चर्चका प्रेरित र एल्डरहरूले केवल लेबी १७-१८मा उल्लेखित केही नीतिनियमहरू प्रस्तुत गरेका थिए। कुनै पनि बिदेशी अयहूदीहरूले इस्राएलमा बस्दा ति नियमहरू पालन गर्नुपर्थ्यो।

लेबीको पुस्तकमा ती नियमहरू किन पालन गर्न लगाइयो भन्दा कोही पनि मूर्तिपुजकले यहूदी हुन चाहेमा अधर्मी वा मूर्तिपुजा गर्ने संस्कारलाई त्याग्नुपर्दथ्यो। मूर्तिपूजा गर्ने संस्कार वा संस्कृतिमा हुर्केका अन्यजाति वा अयहूदीहरू मूर्तिलाई चढाएका मासुहरू खाने, रगत पिउने र घाँटी अँठ्याएर रगत नसुकेको बेलामा मासु खाने बानी थियो (लेबी १८:३०) तर इस्राएल देशमा रहन चाहे ती बानी वा चाहना त्याग्नुपर्दथ्यो। त्यसै गरि कुनै पनि अयहूदी वा अन्य जातिले मानिस येशूलाई विश्वास गरेर चर्चमा प्रवेश गर्न चाहेमा सनातन परमप्रभु परमेश्वरलाई बाहेक मानिसहरूले उत्पादन गरेको धर्म वा मूर्तिपूजाको संस्कारलाई त्याग्ने अडान लिनुपर्दछ।

तर यो केवल पहिलो कदममात्र थिएन। जब कुनै व्यक्ति येशूलाई विश्वास गर्न चाहन्छ भने उसले परमेश्वरको इच्छा स्वतः पालन गर्नुपर्दछ। उहाँका धेरै इच्छाहरूमा दश आज्ञाका सबै आज्ञाहरू हप्ताको सातौं दिन सबाथ पालन गर्नु समेत (उत्पत्ति २:१-९, प्रस्थान २०:८-११) र खानको निम्ति शुद्ध तथा अशुद्ध पशु छुट्टाउने जगतव्यापी नीतिहरू छन् जसको अस्तित्व मोशाले दिएका व्यवस्था वा नीतिभन्दा पहिला नै थिए (उत्पत्ति ७:२)।

त्यसले गर्दा प्रेरितहरूले जारी गरेको आदेश अस्थायी आदेश होइन भनेर स्पष्टसँग भन्न सकिन्छ। उदाहरणमा प्रकाश २:१४,२०मा इसाईहरूलाई पहिलो र अन्तिम बन्देज लगाइएको आदेश दोहोऱ्याइएको पाइन्छ। तिनीहरूमा अरू दुई बन्देज पनि समावेश भएको आभास् दिइएको छ। हेर्नुहोस् "१४ तर पनि तिम्रो विरोधमा मैले केही कुरा भन्नु नै पर्छ। तिमीहरूका बीचमा कोही-कोही बालामको शिक्षा मान्नेहरू छन्। मूर्तिहरूलाई चढाइएको कुरा खाई अनि व्यभिचार गरी इस्राएलीहरूलाई पापमा फसाउन बालामले बालाक राजालाई सिकाएको थियो।...२० तर तिम्रो विरोधमा मैले एउटा कुरा भन्नु नै पर्छ, त्यो ईजेबेल भन्ने स्त्रीलाई तिमीहरूले ठाउँ दिन्छौ। त्यसले म अगमवादिनी हुँ भन्छे र आफ्नो शिक्षाले मेरो सेवा गर्ने मानिसहरूलाई भर्माएर व्यभिचार गर्न र मूर्तिलाई चढाइएका कुरा खान सिकाउँछे।" प्रकाश २:१४,२०। नयाँ करारको युग पछि पनि इसाईहरूले सामान्यरूपमा ती नीतिहरू पालन गरि नै रहेका थिए भन्ने ऐतिहासिक प्रमाण पाइएको छ।

**जब येशूलाई विश्वास गर्नेहरूको बीचमा कुनै विवाद उठ्छ भने विश्वासीहरू एकै ठाउँमा बसेर एक आपसको कुरा सुनेर समस्यालाई सुल्झाउने बानी कसरी बसाल्ने? एक आपसमा प्रतिस्पर्धा वा अनादर गरेर होइन तर आदरभावसाथ नम्र भएर असहमतिभएको बिषयलाई ग्रहण गर्न कसरी सिक्ने?**

## ५. यरुशलेमबाट पत्र

**यरुशलेम परिषदले अरू के थप कदमहरू चाल्ने निर्णय गरेको थियो? हेर्नुहोस् प्रेरित १५:२२-२९ "२२ त्यसपछि प्रेरित र मण्डलीका धर्म-गुरुहरूले प्रभुमा विश्वास गर्ने सबै दाजुभाइहरूसँग मिलेर दुई जना मानिसलाई चुने। उनीहरूले ती दुई जनालाई पावल र बारनाबासको साथ लगाएर एन्टिओखिया सहरमा पठाउने निश्चय गरे। ती छानिएका दुई जना मानिस बारसाबास भनिने यहूदा र सिलास थिए। प्रभुमा विश्वास गर्ने सबै दाजुभाइहरूमा ती दुई भाइ**

अगुवा थिए। २३ ती चार जनाको हातमा यस्तो खालको पत्र दिएर पठाए– एन्टिओखिया, सिरिया र किलिकियामा रहने प्रभुमा विश्‍वास गर्ने अरू जातिका दाजुभाइहरूलाई तपाईंका दाजुभाइ अर्थात् यहाँका प्रेरित र मण्डलीका धर्म-गुरुहरूबाट अभिवादन छ। २४ हामीहरूको बीचबाट गएका कुनै-कुनै मानिसहरूले उल्टो शिक्षा दिएर तपाईंहरूलाई दुःख दिए भन्‍ने कुरा हामीहरूले सुनेका छौं। तर हामीहरूले ती मानिसहरूलाई पठाएका होइनौं। २५ त्यसो हुँदा हामीले सभा गऱ्यौं, अनि एकमत भई हाम्रा कुरा तपाईंहरूकहाँ पुऱ्याउन हामीहरूकै बीचबाट केही दाजुभाइलाई छानेर हाम्रा प्रिय भाइ पावल र बारनाबाससँगै पठाउने निर्णय गऱ्यौं। २६ पावल र बारनाबासले प्रभु येशू ख्रीष्टको कामको लागि आफ्नो ज्यानसमेत झण्डै गुमाएका थिए। २७ यी दुई भाइहरूसँगै हामीले यहूदा र सिलासलाई पनि पठाएका छौं। हामीले लेखेको कुरा उनीहरू आफैंले पनि तपाईंहरूलाई बताउनेछन्। २८ अब पालन गर्नुपर्ने मुख्य कुराबाहेक तपाईंहरूलाई मोशाले दिएका नियमको अरू बोझ नबोकाउनु नै पवित्र आत्मा र हामीहरूले ठीक ठहरायौं। २९ अब मुख्य कुराचाहिँ यिनै हुन्– मूर्तिलाई बलि चढाएको कुरो नखानू, केहीको पनि रगत नपिउनू, घाँटी निमोठेर मारेको पशुको मासु नखानू अनि व्यभिचारबाट अलग भएर बस्नू। यी कुराहरू पालन गर्नुभयो भने तपाईंहरूलाई असल हुनेछ। तपाईंहरू सबैको भलो होस्। भन्नुपर्ने कुराचाहिँ यति नै हो।"

अन्य जाति वा अयहूदीहरूबाट इसाई हुन आएका विश्‍वासीहरूलाई यरुशलेममा पारित गरेको प्रस्तावलाई जानकारी दिने क्रममा तिनीहरूलाई पत्र पठाइएको थियो। यरुशलेममा रहेका प्रेरित र एल्डरहरूको नाउँमा लेखिएको पत्रले यरुशलेम चर्चको प्रधानताको प्रतिनिधित्व गर्दछ। यसले अरू इसाई समूदायहरूको बीचमा प्रेरितहरूको नेतृत्वको अधिकारलाई देखाउँछ। यो पत्र सन् ४९मा लेखिएको थियो किनभने यरुशलेममा भएको परिषद यही सालमा भएको मानिएको छ। हामीसँग भएको यो लिखित पत्र सबभन्दा पुरानो इसाई दस्तावेज भनेर मानिएको छ।

यरुशलेम चर्चले दुई प्रतिनिधिहरूलाई नियुक्त गर्ने पनि निर्णय गरेको थियो। पावल र बारनाबासको साथमा एन्टिओखियामा जान यहूदी बारसाबास र सिलासलाई यरुशलेम परिषदले नियुक्त गरेको थियो। **तिनीहरूको** कामचाहीं पत्रलाई बोकेर लैजाने र त्यसमा भएको विषयबस्तु सही हो भनेर बुझाउनु थियो।

**जब एन्टोओखियाको चर्चले सो पत्र पाए तब चर्चका विश्वासीहरूको प्रतिक्रिया कस्तो थियो? हेर्नुहोस् प्रेरियत १५:३०-३३ "३० बिदाबारी भएपछि तिनीहरू एन्टिओखियामा आए, र समुदायलाई एकसाथ जम्मा गरेर सो पत्र दिए। ३१ पत्रमा भएका अर्तीका कुरा पढ़ी तिनीहरू खुशी भए। ३२ यहूदा र सिलास आफैहरू पनि अगमवक्ता भएका हुनाले भाइहरूलाई धेरै वचनद्वारा अर्ती दिएर तिनीहरूलाई बलिया गराए। ३३ यिनीहरूले केही दिन त्यहाँ बिताएपछि, त्यहाँका भाइहरूले यिनीहरूलाई पठाउनेहरूकहाँ शुभेच्छासहित बिदा दिई पठाए।"**

उत्साह दिने पत्र पाउँदा एन्टिओखियाका विश्वासीहरूमा अत्यन्त खुशी र आनन्दले भरिएका थिए। अयहूदीहरू येशूलाई विश्वास गर्दा खतना गर्न वाध्य बनाइएका थिएनन्। त्यो तिनीहरूको निम्ति खुशीको खबर थियो। प्रेरितहरूको चार आदेशहरू पालन गर्नुपर्नेमा एन्टिओखियाका विश्वासीहरूले केही आपत्ति जनाएका थिएनन्। सुरूको चर्चमा हुन लागेको गम्भीर विभाजनलाई त्यो पत्रले मिलाएको थियो। हुन त यहूदीहरू इसाई हुने सबै जना संतुष्ट त थिएनन्।

यरूशलेमको परिषदको बिसर्जन हुनेबेलामा पावलको सुसमाचारलाई चर्चका अगुवाहरूले पूर्णरूपमा मान्यता दिएका थिए। उनलाई र बारनाबासलाई यरुशलेमका विश्वासीहरूले हातेमालो गरेर उनीहरूलाई इसाई सत्सङ्गमा प्रवेश गराएका थिए। त्यसको अर्थ सुसमाचार सुनाउने काममा तिनीहरूलाई ग्रहणमात्र गरेनन् तिनीहरूमाथि भरोसा पनि राखेका थिए (गलाती २:९)। यद्यपि कतिपय यहूदी इसाईहरू यहूदी व्यवस्था वा रीतिमै लागिरहेका थिए। त्यसले गर्दा परिषदले ती अयहूदी इसाईहरूलाई जस्तो छ त्यस्तै स्वीकारेतापनि कतिपय यहूदी इसाईहरूले तिनीहरूसँग उठबस गर्न सजिलो मानेका थिएनन् किनभने तिनीहरू यहूदी धर्मको रीति अनुसार शुद्ध भएका थिएनन्।

पत्रुसकै अग्रसरताले अयहूदीहरूलाई इसाई समाजमा हुल्ने नीति निकालेतापनि उनी यहूदी भएकै कारणले उनले एक पटक यस्तो बाणी निकाले जसले गर्दा पावलले उनीप्रति आपत्ति जनाएका थिए। हेर्नुहोस् पावलको अडान र यहूदी इसाईहरूलाई खुशी पार्न पत्रुसको लचिलोपना "११ तर जब केफास एन्टिओखियामा आए, तब मैले उनलाई खुल्लमखुल्ला विरोध गरें। किनकि उनी दोषी थिए। १२ याकूबले पठाएका मानिसहरू आउनभन्दा अघि उनले अन्यजातिहरूका साथमा खाने गर्दथे। तर जब तिनीहरू आइपुगे तब उनी

अन्यजातिहरूबाट पछि हटेर अलग भए, किनकि उनी खतनाका दलदेखि
डराएका थिए। १३ अरू बाँकी यहूदीहरूले पनि त्यस्तै कपटपूर्ण काम गरे।
यहाँसम्म, कि तिनीहरूको कपटपूर्ण व्यवहारले गर्दा बारनाबास पनि भड्केर
गए। १४ तर जब सुसमाचारको सत्यताबमोजिम तिनीहरू नचलेका मैले देखें,
तब तिनीहरू सबैका सामुन्ने मैले केफासलाई भनें, "तपाईं यहूदी भईकन
यहूदीजस्तो नभई अन्यजातिहरूजस्तै चल्नुहुन्छ भने, अन्यजातिहरूलाई
यहूदीजस्तै जिउन कसरी कर लाउनुहुन्छ?" १५ हामी जन्मैका यहूदी हौं, र
अन्यजाति जस्तै पापी होइनौं, १६ र पनि हामी जान्दछौं, व्यवस्थाका कामद्वारा
मानिस धर्मी ठहरिँदैन, तर येशू ख्रीष्टमाथिको विश्वासद्वारा धर्मी ठहरिन्छ।
यसकारण हामीले पनि हाम्रो विश्वास ख्रीष्ट येशूमा राख्यौं, ताकि हामी
व्यवस्थाका कामद्वारा होइन तर ख्रीष्टमा राखिएको विश्वासद्वारा धर्मी ठहरिन
सकौं, किनकि व्यवस्थाका कामद्वारा कोही पनि धर्मी ठहरिँदैन। १७ तर यदि
ख्रीष्टमा धर्मी ठहरिने प्रयत्न गर्दा हामी पापी भेट्टाइन्छौं भने, ख्रीष्टले पापलाई
प्रोत्साहन दिनुहुन्छ त? कदापि होइन। १८ किनकि आफैले भत्काएको कुरा
मैले फेरि बनाएँ भने, आफैले आफैलाई म अपराधी हुँ भन्ने साबित गर्छु। १९
किनकि परमेश्वरको निम्ति म जिउन सकूँ भनेर व्यवस्थाद्वारा व्यवस्थाको लेखि
म मरेको छु। २० म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म
होइनँ, तर ख्रीष्ट ममा जिउनुहुन्छ। जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो
परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो
निम्ति आफूलाई अर्पण गर्नुभयो। २१ परमेश्वरको अनुग्रह म पन्साउँदिनँ,
किनकि व्यवस्थाद्वारा धर्मी ठहरिने हो भनेता ख्रीष्ट व्यर्थैमा मर्नुभयो।" (गलाती
२:११-२१)। यस मामिलामा एलेन जी ह्वाइटले यसरी टिप्पणी गर्दछिन् "
सबै चेलाहरूले पनि परिषदको निर्णयलाई सहर्ष स्वीकार गर्न तयार थिएनन्।"-
*द आक्टस् अभ द आपोस्टल्स,* पृ. १९७बाट रूपान्तरित।

**तपाईं आफै इमान्दार भएर सोच्नुहोस्ः अरू रङ्ग, जाति, संस्कार र सामाजिक वर्गहरूलाई सङ्गति दिन तपाईंले कतिको सजिलो ठान्नुभएको छ? सुसमाचारको विरोधमा जाने त्यस खालको नीतिलाई तपाईंले कसरी पखाल्ने?**

**उपसंहारः**

**थप जानकारीः** "परमेश्वरले खोल्नु भएको बाटोमा हिँड्न यहूदी इसाईहरूले प्रायजसो झट्टै मानेका थिएनन्। प्रेरितहरूको अथक प्रयासले अयहूदीहरूले

येशूलाई यहूदीहरूले भन्दा बेसी विश्वास गर्न थालेका थिए। इसाई यहूदीहरू नै किन नहोस् तिनीहरू परम्पराबादी यहूदीहरूले मानिआएका विधिहरू र बन्देजहरू अयहूदीहरूलाई लाद्न नदिइकन चर्चमा हुलियो भने यहूदीहरुको विशेष पहिचानकै अस्तित्व खतम हुनेछ भनेर डराएका थिए। सुसमाचार ग्रहण गर्नेहरूलाई पहिले यहूदी धर्म वा विधि पालन गर्न दिइएन भने अरू मानिसहरूबाट भिन्न रहेका यहूदी जाति नै सबैबाट बिलाएर जानेछन् भन्ने आभासले परम्पराबादी यहूदी र इसाई भएका यहूदीहरूले रुचाएका थिएनन्।"- एलेन जी ह्वाइट, *द आक्टस अभ आपोस्टल्स,* पृ. १८०बाट रूपान्तरित।

" यहूदीहरू र कतिपय यहूदीहरू इसाई भएतापनि यरुशलेममा रहेको पवित्र मन्दिरको परिसरमा रहेकोले तिनीहरूको दिमाग राष्ट्रियरूपमा यहूदीहरूको बिषेशताले गर्दा तिनीहरूले पाएका अवसरप्रति ध्यान गइरहेको थियो। जब इसाई चर्चको नाउँमा यहूदीहरूको धर्म, परम्परा, संस्कार र विधिहरू हटाउँदै गरेको तिनीहरूले देखे तब धेरै वर्षदेखि लगानी भएको यहूदी धर्म र जातको विशेषता बिलाएर जाने महसुस गरे। नयाँ आत्मज्ञानको नाउँमा आफ्नो देश र जातिको विशेषतालाई हल्लाउने वा परिवर्तन ल्याउने व्यक्ति, विशेष गरेर पावलप्रति, यहूदीहरू क्रोधित भए। यरुशलेम परिषदले गरेको निर्णयलाई यहूदी धर्मबाट इसाई भएका चेलाहरूसमेतले सहर्ष स्वीकार गर्न तयार थिएनन्। कतिपय यहूदीहरू मोशाका विधिबिधान वा रीतिहरूप्रति अत्यन्त जोशिलो र कट्टर थिए। जब यहूदी धर्मका परम्परालाई पावलको नीतिहरूले लापर्वाही गर्न उक्सायो तब दुवै यहूदी र येशूलाई विश्वास गर्ने यहूदी इसाईहरू पावलको विपक्षमा उभिए।"- ह्वाइट, *द आक्टस अभ आपोस्टल्स,* पृ. १९७बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. **आफूले विश्वास गरेको चर्च ठीक चर्च हो भनेर विश्वास गरेर त्यसको सदस्य हुँदैमा मुक्ति पाइन्छ वा पापबाट उद्धार पाइन्छ भन्ने ग्यारेन्टी छैन भन्ने तितो सत्य तपाईंलाई कस्तो लाग्छ? परमेश्वरले चुन्नुभएको प्राचीन इस्राएली धर्म वा चर्च ठीक थियो तर त्यसको सदस्य हुँदैमा सबैले मुक्ति पाइन्छ भन्ने रहेनछ। यदि सही चर्चमा बप्तिस्मा लिएर नियमित**

रूपमा चर्च आयो भन्दैमा पनि मुक्ति पाइन्छ भन्ने ग्यारेन्टी छैन भने त्यस चर्चमा संलग्न हुनुको फाइदा के छ?

आ. विदेशी, खतना नगरेका, अन्य जाति, अछुत, पानी नचल्ने, परमेश्वरको अनुग्रह नपाएका मानिसहरू भनेर यहूदीहरूले पन्छाएका मानिसहरू इसाई भएपछि तिनीहरूलाई चर्चमा कसरी भित्र्याउने भन्ने मामिला सुरूको चर्चले सामना गर्नुपरेको थियो। यथार्थमा प्रशासनिक वा इसाई धर्म दर्शनलाई कुन मोडमा लैजाने भन्ने विषय गम्भीर थियो। आज पनि हामीहरुको चर्चमा कतिपय विषयहरू छन् जुन मतभेदको विषय हुनसक्छ तर प्रेरित १५ अध्यायबाट हामी के सिक्न सक्छौं जसले गर्दा अमिल्दो विषयलाई सबै जना मिलेर सुल्झाउन सक्ने हुन्छौं?

इ. तर्कको निम्ति एक छिन् तपाईं यहूदी हुनुहोस्। तपाईंको धर्म, परम्परा, विधि, संस्कार आदिप्रति तपाईंको ठूलो श्रद्धा छ। यदि कोही विदेशी वा अयहूदी इसाई भएर यहूदी धर्म वा जातले पाएको करारको प्रतिज्ञाको उपभोग गर्न चाहन्छ भने त्यो व्यक्ति यहूदी हुनैपर्छ भनेर अडान लिनुहोस्। तपाईंको तर्क कस्तो हुन्छ र त्यसलाई कसरी शान्त गर्ने? वर्तमान परिप्रेक्ष्यमा कतिपय विवाद स्पद विषयहरू छन्, त्यसलाई सुल्झाउने कार्य किन कठिन हुनसक्छ, तैपनि परमेश्वरको महिमाको निम्ति मिल्ने कुराहरूमा एक भएर जानु आवश्यक छ भनेर हामीले कसरी आत्मसात् गर्ने?

## कथा ८
## एडभेन्टिस्ट कलेजमा हराएको विद्यार्थी
## यासुकी योकी, ४२ जापान

जापानमा रहेको एकमात्र एडभेन्टिस्ट कलेजमा जब यासुकी योकी भर्नाभए त्यसभन्दा अघि उसले कहिल्यै पनि कुनै इसाईलाई भेटेको थिएन न त बाइबल नै पढेको थियो। जब सानिकुगाक्विन कलेजमा उसको बुबाआमाले दुई वर्षसम्मको निम्ति ट्युशन फी तिरे तबसम्म त्यो कलेज इसाई कलेज हो भनेर थाहा पाएको थिएन। उसले अङ्ग्रेजी सिक्न चाहेको थियो र त्यस मामिलामा त्यो कलेजको नाउँ चलेको थियो।

जब सबैले सुन्ने गरेर लाउड स्पिकरबाट "बेलुकाको आराधना समय भएको छ। सबै जना सभा घरमा जम्मा हुनुहोस्" भन्ने खबर सुने यासुकी योकी छक्क परेको थियो।

"मबाहेक सबैले भजन गाउन जानेका थिए। मबाहेक सबैले बाइबलमा पदहरू भेट्टाउन जानेका थिए। मैले केही पनि बुझ्न सकेको थिइन" योकीले भन्यो।

आराधना सकेपछि मैले घर फर्किने निधो गरे। तर बाबुआमाले ट्युशनको पैसा तिरेकोले दुईवर्ष पढेरमात्र घर फर्कने निर्णय भयो।

"त्यो कलेजमा जानु नै इसाईहरूसँग मेरो पहिलो सम्पर्क भएको थियो" यासुकी योकीले व्यक्त गऱ्यो।

योकी जस्तै धेरै जापानीहरूले कहिल्यै पनि इसाईलाई भेटेका हुँदैनन्। जापानको जनसंख्यामा केवल एक प्रतिशतमात्र इसाई छन्। त्यहाँ १५१५१ एडभेन्टिस्टहरू छन्। त्यस देशका मानिसहरू प्रायजसो बुद्ध धर्म मान्छन्।

कलेजमा भर्ना हुँदा योकी बुद्धले धर्म पनि मानेको थिएन। आत्मिक मामिलामा उसलाई कुनै चासो नै थिएन।

तर उसका साथीहरू र शिक्षकहरू दयालु थिए। तिनीहरूले उसलाई येशूको बारेमा सिकाए। तिनीहरूको मित्रवत व्यवहारले गर्दा ऊ इसाई आस्थाप्रति प्रभावित हुन थालेको थियो।

उसले चर्चमा जान मन पराउन थाल्यो र नयाँ साथीहरूसँग घुलमिल गर्न मनपरायो। एक जना एडभेन्टिस्ट महिलालाई उसले साथी बनायो। पछि बप्तिस्मा लिन आफूले हिचकिचाउन नपरेको उसले थाहा पायो।

दुई वर्षपछि अङ्ग्रेजी भाषा सिकाउने इजाजत उसले पायो। एडभेन्टिस्ट कलेजमा नै पढाउन उसले चाहना व्यक्त गऱ्यो। तर त्यस कलेजमा काम गर्न पहिले इसाई हुनुपर्छ भनेर थाहा पायो, त्यसको अर्थ उसले बाइबल अध्ययन गर्नु आवश्यक थियो।

कलेजमा बाइबल सम्बन्धी अध्ययन गर्न बाइबल क्लासमा भर्ना भयो। ऊ पास्टर हुन चाहेको थिएन। कलेजमा पढाउनमात्र बाइबल पढ्न चाहेको थियो। जब बाइबल क्लासमा पढ्न उसले नाउँ लेखायो तब कलेजको पास्टरले उसलाई सोधे, “भविष्यमा तिमी के गर्न चाहन्छौ? के तिमी इसाई हुन चाहन्छौ?"

“पछि इसाई हुन्छु होला, तर अहिले होइन" योकीले जवाफ दियो।

“ए, तिमी इसाई हुन चाहेका रहेछौ। तब अहिले नै किन बप्तिस्मा नलिने? भोलि के हुन्छ थाहा छैन। किन भोली भनेर पर्खिने?" पास्टरले उसको अनुहारमा नियालेर भन्यो।

पास्टर र योकीले धेरै बेरसम्म छलफल गरिरहे। योकीले पास्टरको भनाइलाई बुझ्यो। अन्तमा योकीले भन्यो, “मलाई केही समय दिनुहोस्। बप्तिस्माको बारेमा सोच्न मलाई समय चाहिन्छ।"

“तिमी अर्को हप्ता आउँदा कुन दिन बप्तिस्मा लिने भनेर निर्णय गरेर आऊ ल!" पास्टरले भन्यो।

एडभेन्टिस्ट केटी साथीलाई उसले फोन गऱ्यो। उनी अर्कै सहरमा प्राथमिक स्कूलमा काम गरिरहेकी थिइन्। उनलाई पास्टरले भनेको कुरा उसले सुनायो। आफूले बप्तिस्मा लिने दिन उनी पनि आउन सक्छिन् कि भनेर योकीले सोध्यो। अर्को केही महिनामा केवल एक दिनमात्र उनले छुट्टी पाउने कुरा त्यस केटी साथीले सुनाइन्। त्यही दिन बप्तिस्मा लिने योकीले निर्णय गऱ्यो।

आज ४२वर्षको योकी जापान युनियन कन्फरेन्सको अगुवा भएको छ। जापानको युवा चर्चको ऊ मात्र एक पास्टर भएको छ। टोकियो सेतगया चर्चले युवायुवतीहरूलाई सुसमाचार सुनाउने काममा तालिम दिन्छ। यस त्रैमासिक भेटीको केही भाग त्यस चर्चलाई सघाउनेछ।

एडभेन्टिस्ट कलेजमा जुन तरिकाले उनलाई येशूको प्रेम देखाउने रहस्य थाहा भयो त्यही रहस्य उनले पनि आत्मसात् गर्दछन्।

"परमेश्वरको प्रेम सिकाउन बाइबलबाट होइन तर मेरा साथीहरू र शिक्षकहरूले हुन्। तिनीहरूको नरम मिजास, मायालु व्यवहार र मिठो वचनले मलाई परमेश्वरको प्रेम सिकाएको थियो" योकी खुशीसाथ व्यक्त गर्छन्।

*(लेखक: आन्द्र्यु मेकचेसनी। योकीको छोटो गवाही यस वेभसाइटमा हेर्नुहोस्: bit.ly/stranded-at-adventist-college)*

## जापानको बारेमा जानकारी:

-जापानका महिलाहरूमा आफ्नो दाँतहरू कालो पार्ने चलन थियो। तिनीहरू सेता दाँतहरू नराम्रो ठान्दथे। तिनीहरूले यो चलन सन् १८००को अन्तमा चलाएका थिए।

-जापानमा तिन वटा नर्सरी स्कूलहरू छन्। सबै स्कूलहरूमा सानिका भन्ने शब्दले सम्बोधन गरिन्छ। त्यस शब्दको अर्थ मानिसहरूको शारीरिक, बौद्धिक र आत्मिक पक्षहरूलाई हुष्टपुष्ट बनाउनु हो। सानिका (三育), जापानीज भाषाको तिन शब्दहरूले बनिएको छ: सानको अर्थ तीन (三) र इकुको 育 अर्थ हुर्काउनु वा फस्टाउनु हो।